# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, माघ १७ गते, २०६६ साल (अतिरिक्ताङ्क ४५


## भाग १

### नेपाल सरकार
## कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधानसभाले जारी गरेको तल लेखिएबमोजिमको नेपालको अन्तरिम संविधान (सातौं संशोधन), २०६६ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### नेपालको अन्तरिम संविधान, २०६३ को सातौं संशोधन

प्रस्तावना : नेपालको अन्तरिम संविधान, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो संशोधन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "नेपालको अन्तरिम संविधान (सातौं संशोधन), २०६६" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६च. मा संशोधन : नेपालको अन्तरिम संविधान, २०६३ (यसपछि "संविधान" भनिएको) को धारा ३६च. को सट्टा देहायको धारा ३६च. राखिएको छ :-

"३६च. राष्ट्रपतिको शपथ : (१) राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१क. बमोजिमको ढाँचामा सरकारी कामकाजको नेपाली भाषामा प्रधान न्यायाधीश समक्ष पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रपतिले नेपालमा बोलिने आफ्नो मातृभाषामा शपथ लिन चाहेमा सोही उपधारा बमोजिमको शपथको ढाँचाको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी त्यसको एक प्रति शपथ ग्रहणको लागि तोकिएको मितिभन्दा चौबीस घण्टा अगावै राष्ट्रपतिको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस धारा बमोजिम राष्ट्रपतिले शपथ लिएपछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी राष्ट्रपतिको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

तर नेपालमा बोलिने आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र आफूले शपथ लिएको अन्य नेपाली मातृभाषाको शपथको प्रतिमा समेत हस्ताक्षर गरी राष्ट्रपतिको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।





(४) यस धारा बमोजिम लिएको शपथको अभिलेख राष्ट्रपतिको कार्यालयले राख्नेछ ।"

३. संविधानको धारा ३६झ. मा संशोधन : संविधानको धारा ३६झ. को,-

(१) उपधारा (२) को सट्टा देहायको उपधारा (२) राखिएको छ :-

"(२) उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१क. बमोजिमको ढाँचामा सरकारी कामकाजको नेपाली भाषामा राष्ट्रपति समक्ष पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।"

(२) उपधारा (२) पछि देहायका उपधारा (३), (४) र (५) थपिएका छन् :-

"(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपराष्ट्रपतिले नेपालमा बोलिने आफ्नो मातृभाषामा शपथ लिन चाहेमा सोही उपधारा बमोजिमको शपथको ढाँचाको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी त्यसको एक प्रति शपथ ग्रहणको लागि तोकिएको मितिभन्दा चौबीस घण्टा अगावै राष्ट्रपतिको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) यस धारा बमोजिम उपराष्ट्रपतिले शपथ लिएपछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी राष्ट्रपतिको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

तर नेपालमा बोलिने आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा

र आफूले शपथ लिएको अन्य नेपाली मातृभाषाको शपथको प्रतिमा समेत हस्ताक्षर गरी राष्ट्रपतिको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) यस धारा बमोजिम लिएको शपथको अभिलेख राष्ट्रपतिको कार्यालयले राख्नेछ ।”

प्रमाणीकरण मिति २०६६/१०/१७ /१

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग सिंहदरवार काठमाडौंमा मुद्रित । मूल्य रु ५।–